बैठक संख्या : ८२ (एकासी)
समय : दिउँसो

आज मिति २०८० जेष्ठ १६ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८२ औं कार्यपालिका बैठक (२०८०।०२।१६)

## विषय सूची:

१. ८१ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा
२. धानको विउ मूल्य निर्धारण सम्बन्धमा
३. वडा नंको वाखा प १३.केट क्षेत्रको अनुगमन सम्बन्धमा
४. आस्पाल्ट उद्योग अनुमती सम्बन्धमा
५. चौपायामा देखिएको लम्पी स्किन रोग सम्बन्धमा
६. यस आ.व मा संचालन गरेका स्वीकृत कार्यक्रमको भुक्तानी सम्बन्धमा
७. नक्सा अभिलेखिकरण सम्बन्धमा
८. साल्टट्रेडिङ कर्पोरेशनको जग्गाको सम्पत्ती कर छुट सम्बन्धमा
९. युमन्सारी ह्युम पाइप उद्योगको पुरानो रकम भुक्तानी सम्बन्धमा
१०. सामाजिक संघ संस्था दर्ता सम्बन्धमा
११. सामीको कार्यविधी २०८० स्वीकृत सम्बन्धमा।
१२. नदीजन्य सामाग्री ग्रावेल (सववेस) उत्खनन्न अनुमती सम्बन्धमा
१३. घ वर्गको इजाजत नवीकरण सम्बन्धमा
१४. विविध
   क) टासिलिङ गुम्बा रकम भुक्तानी सम्बन्धमा
   ख) सम्झौता भएको योजनाको नाम संशोधन सम्बन्धमा
   ग) नगर शिक्षा समितिको निर्णय कार्यान्वयन सम्बन्धमा
   घ) भुडीखोप जोगीडाडा खा.पा योजनाको बाँकी भुक्तानी सम्बन्धमा

## निर्णयहरू:

**प्रस्ताव नं १. ८१ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १)**

नगर कार्यपालिकाको ८१ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २. धानको विउ मूल्य निर्धारण सम्बन्धमा**

**निर्णय नं. २)**

कृषि तथा पशु पंछी विकास मन्त्रालय विउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहर भवन, ललितपुरले विभिन्न जातको धानको विउको मूल्य तोकिए अनुसारको मूल्यमा वजारमा धानको विउ नपाईएको र सो सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गर्दा हाल तोकिएको मूल्यमा धानको विउ नपाईने जानकारी गराएको र अहिलेको समय धानको विउ राख्ने समय भएको हुंदा मन्त्रालयले तोकेको विभिन्न जातको धानको मूल्यमा प्रति के.जी.मा रु.३५ थप गरी धानको विउ खरिद गरिएको हुंदा उक्त खरिद गरिएको मूल्यलाई अनुमोदन गर्ने ।

Scanned with CamScanner

**प्रस्ताव नं ३. वडा नं.१३ को वाख्रा प्रवर्धन कार्यक्रमको अनुगमन सम्बन्धमा**

**निर्णय नं. ३)**

प्रदेश सरकारको शसर्त कार्यक्रम अन्तर्गत वाखा प्रवर्धन कार्यक्रमलाई आ.व.०७९/०८० मा बजेट विनियोजन भई वडा नं.१३ मा उक्त वाखा पकेट कार्यक्रम संचालन गर्न सम्फौता भई कार्यान्वयनमा गएको हुंदा उक्त कार्यक्रमको अनुगमन गरी प्रतिवेदन तयार पारी प्रतिवेदनको सिफारिसको आधारमा रकम भुक्तानी दिने गरी तपशिलमा, उल्लेखित वाखा प्रवर्धन कार्यक्रमको ४ (चार) सदस्यीय अनुगमन समिति गठन गर्ने ।

तपशिलः

| | |
|---|---|
| संयोजक | श्री बाबुराम तामाङ |
| सदस्य | श्री लिलानाथ न्यौपाने |
| सदस्य | श्री राधिका तामाङ |
| सदस्य सचिव | श्री योजना शाखा प्रमुख |

**प्रस्ताव नं ४. आस्पाल्ट उद्योग अनुमती सम्बन्धमा**

**निर्णय नं. ४)**

बिदुर नगरपालिका वडा नं.२ र ५ को तादी खोला आसपास श्री अमृत निर्माण सेवा प्रा.लि.काठमाण्डौ १६ वालाजुलाई मिति २०७९ चैत्र मसान्त सम्म म्याद दिई अस्थाई अस्पाल्ट उद्योग स्थापना गर्न अनुमती दिएको र उक्त उद्योग संचालन अनुमती समय सकिएकोले पुन उद्योग संचालनको लागि यस कार्यालयमा मिति २०८०।०२।०५ मा निवेदन प्राप्त भएको सम्बन्धमा छलफल हुँदा उक्त स्थानमा पुन उद्योग संचालनको लागि अनुमती नदिने र सम्बन्धित निकायलाई बन्द गर्न वा अन्यत्र ठाउँसारी गर्न पत्राचार गर्ने । बन्द नगरे वा ठाउसारी नगरेमा ३५ दिन पछि कानून अनूसार कार्वाही गर्ने ।

**प्रस्ताव नं ५. चौपायामा देखिएको लम्पी स्किन रोग सम्बन्धमा**

**निर्णय नं. ५**

यस बिदुर नगरपालिका अन्तर्गत विशेष गरी गाई र भैसीमा लम्पी स्किन रोग देखा पर्न सक्ने अवस्था भएको हुंदा उक्त रोग नियन्त्रण गर्न पशु चौपायालाई खोप लगाउनु पर्ने हुंदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११, ण को ३ अनुसार विपद व्यवस्थापन तथा वातावरण समितिलाई सक्रिय गराई उपचार तथा औषधीका साथै प्रत्येक वडामा खोप लगाउने कार्यक्रम संचालन गर्न पर्दा भेटनरी शाखालाई समन्वय गर्न जिम्मेवारी दिई आवश्यकता अनुसार आकस्मिक खर्च गर्न परे समेत अनुमति दिने ।

**प्रस्ताव नं ६. यस आ.व.मा संचालन गरेका स्वीकृत कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा**

**निर्णय नं. ६)**

यस आ.व.०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघीय सरकारवाट आउने समानिकरण अनुदान पनि केही मात्रामा कट्टा भएको र स्थानीय राजश्व लक्ष गरे अनुसार नउठेको र नदीजन्य तथा खानिजन्य पदार्थमा पनि ठेक्का प्रक्रियामा नगएको हुंदा आम्दानी कम भई स्वीकृत कार्यक्रमलाई असर पर्न गएकोले नगरपालिकाको कोषको अवस्था हेरी कार्यालयमा कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भएका योजनाहरुको बजेट भएका तर श्रोतमा रकम नभएका शिर्षकहरुमा रकम भएका शिर्षकहरुबाट ५०/५०

Scanned with CamScanner

प्रतिशत रकम नभएको श्रोतमा, रकम भएका श्रोतबाट हाल मिलान गरी परिषदबाट स्विकृत हुने गरी श्रोत मिलान गरी रकम भुक्तानी दिने ।

**प्रस्ताव नं ७. नक्सा अभिलेखिकरण सम्बन्धमा**
**निर्णय नं. ७)**
स्थानीय सरकार संचालन ऐन २०७४ जारी हुनु भन्दा पहिला तत्कालको प्रचलित कानून अनुसार २०७२ साल भन्दा अगाडिका नक्सा पास गर्न पर्नेमा नक्सा पास नभई वा पास भएको नक्सामा स्वीकृत बिना हेरफेर गरी बनाएको भवनको हकमा नगरपालिकाको निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना गरी बनेको घरको ऐनमा व्यवस्था भए बमोजिमको रकम लिई अभिलेखिकरण वा शंसोधन गर्ने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ उपदफा १ अनुसार नगरसभाबाट अनुमोदन हुने गरी एक पटकको लागि श्रावण १ देखि कार्यान्वयन गर्ने गरी सूचना प्रकाशन गरी नक्सा अभिलेखिकरण र हेरफेर गर्ने ।

**प्रस्ताव नं ८. साल्टट्रेडिङ कर्पोरेशनको जग्गाको सम्पत्ती कर सम्बन्धमा**
**निर्णय नं. ८)**
कृषि सामाग्री कम्पनी लि.शाखा कार्यालय त्रिशुलीको च.नं.१५२ मिति २०८०।०२।१२ को पत्रानुसार उक्त कम्पनीको स्वामित्वमा रहेको यस नगरपालिका भित्रका सम्पतिको सम्पति कर छुटको लागि लेखि आएको र उक्त कम्पनीको साथ साथै अन्य कम्पनीहरुले सम्पति कर र भूमी कर तिरी रहेको हुंदा कृषि सामाग्री कम्पनी लिमिटेडको नाममा रहेको सम्पतिको सम्पति कर छुट दिन नसकिने ।

**प्रस्ताव नं ९.युमन्सारी ह्युम पाइप उद्योगको पुरानो रकम भुक्तानी सम्बन्धमा**
**निर्णय नं. ९)**
गत आ.व.०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार सोही आ.व.मा वडा नं.१२ मा प्रयोग गरिएको ह्युम पाईपको रकम हाल सम्म भूक्तानी नभएको र सो आ.व.को जिम्मेवारी सरी आएको सूचीमा नाम समावेश नभएको र युमन्सारी ह्युम पाईप उद्योगले रकम भुक्तानीको लागि यस कार्यालयमा निवेदन दिएको हुंदा उक्त उद्योगलाई पुरानो रकम भुक्तानी शीर्षकवाट जम्मा रु. ९३६६५।७० (त्रियाननव्वे हजार छ सय पैसठी र पैसा सत्तरी) मात्र रकम हाललाई भुक्तानी नदिने ।

**प्रस्ताव नं १०. सामाजिक संघ संस्था दर्ता सम्बन्धमा**

**निर्णय नं. १०)**
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को ठ मा संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था रहेको र हाल सम्म उक्त दफा कार्यान्वयन नभएको हुंदा संघ संस्था परिचालन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना नियमन सम्बन्धी कार्यविधी तयारगरी स्वीकृत पछि संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यक्रम अगाडी वढाउने र उक्त कार्यविधी बनाउन विद्यायन समितिलाई स्रोत साधन सहित जिम्मेवारी दिने ।

**प्रस्ताव नं ११. सामीको कार्यविधी २०८० स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं. ११)** विधायन समितिले आवश्यक परेमा सामान्य हिज्जे लगायत थप घट तथा संशोधन गर्न सक्ने गरी पेश भए बमोजिम स्वीकृत गर्ने ।

Scanned with CamScanner

**प्रस्ताव नं १२. नदीजन्य सामाग्री ग्रावेल (सववेस) उत्खनन् अनुमती सम्बन्धमा**

**निर्णय नं. १२)**

बिदुर नगरपालिका वडा नं.५ गंगटे देखि वडा नं.४ आंपघारी सम्म पुष्पाञ्जली/इन्द्रदेव जे.भी.ले निर्माण गरिरहेको सडक निर्माणमा लाग्ने सव-वेश ग्राभेल ६०३ घ.मी.नियमानुसार लाग्ने कर लिई मिति २०८०।०२।१२ को पत्रानुसार दिएको उत्खनन् अनुमतीलाई अनुमोदन गर्ने ।

**प्रस्ताव नं १३. घ वर्गको इजाजत नवीकरण सम्बन्धमा**

**निर्णय नं. १३)**

यस नगरपालिकामा सूचिकृत भएका घ वर्गको इजाजत पत्र नविकरण गर्ने म्याद सकिएकोले दोब्बर दस्तुर लिई आषाढ मसान्त सम्म घ वर्गको इजाजत पत्र नविकरण गर्ने ।

**प्रस्ताव नं १४. विविध**

**निर्णय नं. १४)**

**क) टासिलिङ गुम्बा रकम भुक्तानी सम्बन्धमा**

बिदुर नगरपालिका अन्तर्गत वडा नं.१३ मा रहेको टासिलिङगुम्वा निर्माण गर्न गुम्बाको तर्फवाट भिम बहादुर तामाङ वि.न.पा.को तर्फवाट प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद मरासिनी र स्थानीय पूर्वाधार विभागवाट सि.डि.ई.हरि प्रसाद शर्मा विच त्रिपक्षिय सम्झौता भएको र उक्त सम्झौता मध्ये गुम्वा निर्माणको लागि दिनु पर्ने रु.३,६०,०००।-(तीन लाख साठी हजार) भुक्तानी दिन वांकी रहेकोले पुरानो योजना भुक्तानीको सूचीमा समावेश नभएको हुंदा अधययन गरी उक्त योजनालाई अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

**ख) सम्झौता भएको योजनाको नाम संशोधन सम्बन्धमा**

विदुर नगरपालिका वडा नं. ६ को च.नं १३१० मिति २०८०।०२।१६ को पत्र मार्फत संशोधनको लागि पेश भए बमोजिम उक्त योजनाहरूलाई सोहि अनुसार शंसोधन गरी उक्त वजेट विनियोजन भएको रकम यसै आ.व.मा योजना सम्झौता गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने । साथै विदुर नगरपालिका वडा नं २ को नगर स्तरीय योजना क्याडमिन्टन कभर्डहल निर्माण, नागटारी, विदुर २ लाई संशोधन गरी क्याडमिन्टन कभर्डहल संरक्षण वाल निर्माण, नागटारी, विदुर २ गर्ने ।

**ग) नगर शिक्षा समितिको निर्णय कार्यान्वयन सम्बन्धमा**

१. पोष्ट बहादुर वोगटी बहुप्राविधिक शिक्षालयमा पदाधिकार बिदुर न.पा.स्थायी ठेगाना भएका र कार्यविधी बमोजिम छनौट भई अध्ययन गरीरहेका छात्रछात्राहरुको विगत र चालु आ.व.को छात्रवृत्ती भुक्तानीको दायित्व यस नगरपालिकामा रहन गएको रु.३,३०,०००।-(तीन लाख तीस हजार) भुक्तानीको लागि पोष्ट बहादुर वोगटी बहुप्राविधिक शिक्षालयवाट लेखि आएकोले उक्त रकम विद्यालयलाई भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

२. बिदुर न.पा.वडा नं.३ रणभुवनेश्वरी मा.वि.मा दरवन्दी रही बिदुर न.पा.शिक्षा शाखामा विज्ञको रुपमा कार्यरत रहदाको अवस्थामा २०७९।११।१० देखि १ वर्षको अवधिको लागि अध्ययन विदामा रहनु भएका मा.शि.द्धितिय श्रेणीका शिक्षक श्री तुलध्वज खतिवडा अध्ययन विदा सकी फर्की आउनुभएकोमा निजलाई २०८० साल मंसिर मसान्त सम्म वि.न.पा शिक्षा शाखाको मातहत रहने गरी कामकाजमा लगाउने र

Scanned with CamScanner

मिति २०८०।०९।०१ गते देखि यसै निर्णयको आधारमा स्वत पदाधिकार रहेकै विद्यालयमा फिर्ता गर्न कार्यालयलाई निर्देशन दिने ।

**घ) भुडीखोप जोगीडाडा खा.पा योजनाको बाँकी भुक्तानी सम्बन्धमा**

भुडीखोप जोगीडाडा खा.पा योजनाको मिति २०७५।१२।१२ गते कुल ल.ई ४७,८९,८८९।३४ निर्माण कार्यको लागि सम्झौता भई उक्त कामको उपभोक्ता समितिले मिति २०७५।०६।२३ मा २१,९६,२२५। रुपैया भुक्तानी भई सम्झौता अनुसारको बाँकी काम त्यसै आ.व.२०७५।७६ मै सम्झौता अनुसार सम्पन्न गरि सकेको हुँदा उक्त बाँकी कामको सम्झौता अनुसार भुक्तानीको लागि प्राविधिकलाई मुल्याकंन तयार गर्न लगाई बाँकी कामको लागि नगर सभाको निर्णय अनुसार रु १० लाख विनियोजन भएको हुँदा उक्त योजनालाई श्रोतमा रकम रहे यहि वर्ष, श्रोत सुनिश्चित नभएमा आगामी वर्ष भुक्तानी गर्ने ।

Scanned with CamScanner